सूचना नं. २२-२०८३/८४ *"संस्कृति, पर्यटन, कृषि र पूर्वाधारः समावेशी सुनकोशी समृद्धिको आधार"*

## गहुँ बालीको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्ने सम्बन्धी सूचना।

(प्रकाशित मितिः २०८३/०५/०८)

सुनकोशी गाउँपालिकाद्वारा आ.व. २०८३/०८४ मा सञ्चालन हुने खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम **"बीउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२"** को अधिनमा रही सञ्चालन हुने भएको तथा कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुरको मिति २०८३/०५/०५ गतेको सूचना बमोजिम **Digitally Enabled Seed Management System (DESES)** मार्फत बीउको माग प्रविष्टि गर्नुपर्ने भएको हुँदा यस गाउँपालिकाभित्रका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरूलाई यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सम्बन्धित वडा कार्यक्षेत्रका कृषि प्राविधिकहरूको प्राविधिक सल्लाहअनुसार तोकिएको जात तथा दररेटमा आवश्यक परिमाणको उन्नत गहुँको बीउ माग गरी वडा कार्यालय तथा कृषि विकास शाखामा आवश्यक कागजातसहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रद्वारा प्रकाशित सम्बन्धित सूचना यसै सूचनासाथ संलग्न गरिएको व्यहोरा समेत अनुरोध छ।

**आवश्यक कागजातहरुः**

- जात र परिमाणको विवरण खुल्ने निवेदन पत्र।
- नेपाली नागारिकताको प्रमाणपत्रको प्रतिलिपि।
- संस्थाको दर्ता तथा नविकरण प्रमाणपत्र, **(PAN/VAT)** दर्ता प्रमाण पत्र र अघिल्लो आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाण पत्र प्रतिलिपि।
- समूह/सहकारी कार्यसमितिको निर्णय प्रतिलिपि।
- **उन्नत गहुँ बीउको** पर्न आउने ५० प्रतिशत रकम जम्मा गर्ने वडा कार्यालयको सिफारीस पत्र।
- समयसीमा भित्र वडाबाट माग नआएमा सुनकोशी गाउँपालिका गहुँको बीउ उपलब्ध गराउन बाध्य हुने छैन।

**थप जानकारी तथा वडा प्राविधिक सम्पर्कको लागिः**

१. करिश्मा पराजुली (ना.प्रा.स) ९८६०२६६३६३ (वडा नं ७, ८, ९ र १०)

२. कुशल पहाडी (ना.प्रा.स) ९८४२९२६८२६ (वडा नं १, २, ३ र ४)

३. वडा नं. ५ र ६ का कृषकहरुले कृषि विकास शाखामा सम्पर्क राख्न सक्नुहुनेछ।

लोकेन्द्र बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विभाग

## बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

### श्रीमहल, ललितपुर

# गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन तथा उन्नत बीउ बिजन प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति लगायतका विवरण प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३ भाद्र ०५ गते शुक्रबार)

संघ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढ बनाई बीउ उत्पादक तथा प्रयोगकर्ता कृषकहरुलाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्वार प्रणाली मार्फत व्यवस्थित गर्न स्वीकृत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम चालु आ.व. २०८३/०८४ मा संघीय सशर्त बजेट मार्फत कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यलय/एकृकीत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट सञ्चालन हुने उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरू मार्फत सञ्चालन हुने उन्नत बीउ बिजनको प्रयोगमा मूल्य अनुदानमा सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.doanepal.gov.np मा बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत राखिएको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन र उन्नत बीउ प्रयोगमा मूल्य अनुदान**मा गई देहाय बमोजिमका शर्तहरू तथा समय सीमा भित्र तोकिएका कागजातहरू अपलोड गरी अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले पुनः रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) भई बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान संभाग**मा गहुँको उन्नत बीउ आपूर्ति विवरण तथा सम्बन्धित स्थानीय तहहरूले आ-आफ्नो स्थानीय तहमा कृषकहरूबाट गहुँको उन्नत बीउको माग संकलन गरी यस कार्यक्रमका लागि विनियोजित संघीय सशर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदान उपलब्ध गराउन सकिने गहुँको उन्नत बीउको परिमाण मात्र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान** संभागमा माग विवरण प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

**शर्त, प्रोत्साहन अनुदान, जात तथा समय सिमा**

१. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने गहुँका जात/प्रोत्साहन रकम/मूल्य अनुदान देहाय बमोजिम हुनेछ।

| क्र.स. | जातहरु | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान रकम (रु. प्रति के.जी.) | उन्नत बीउ प्रयोगमा कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु. प्रति के.जी.) |
|---|---|---|---|---|
| १ | भृकुटी, गौतम, डब्लु.के. १२०४, आदित्य, एन.एल. ९७१, विजय, धौलागिरी, तिलोत्तमा, डाँफे, वाणगंगा, स्वर्गद्वारी, मुनाल, च्याखुरा, खजुरा ड्युरम १, खजुरा ड्युरम २, बि.एल. ४३४१, मुडुले १, कौटिला, तिला, सुर्मा, हिमगंगा, भेरीगंगा, खुमलशक्ति, जिङ्क गहुँ १, जिङ्क गहुँ २, बोर्लोग २०२० | ७६ | १२ | यस तालिकामा उल्लेख भएको मूल्यमा कार्यविधिको दफा ८(३) को खण्ड (छ) अनुसार कायम हुने मूल्यको ५० प्रतिशत मूल्य अनुदान उपलब्ध हुने। |

२. बीउ व्यवसायी अनुमतिपत्र लिएका बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानमा सहभागी हुन पाउने छन्।

३. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवेदन गर्ने उन्नत बीउ उत्पादकले शर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको मूल्यमा गुणस्तरीय उन्नत बीउ उपलब्ध गराउनुपर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्न चाहने आवेदक तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रूपमा बीउको आपूर्ति गर्नुपर्नेछ।

५. रजिष्ट्रेसन/लग इन प्रारम्भ मिति: **२०८३ भाद्र ०५ गते शुक्रबार**

६. रजिष्ट्रेसन समाप्त हुने मिति: **२०८३ भाद्र १९ गते शुक्रबार**

७. DESES मार्फत् सम्बन्धित बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति **२०८३ भाद्र २६ गते शुक्रबार** सम्म।

८. DESES मार्फत् सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग प्रविष्ट गर्ने शुरु मिति **२०८३ भाद्र २७ गते शनिबार** र अन्तिम मिति **२०८३ असोज ०६ गते मंगलबार** सम्म ।

बिस्तृत जानकारीका लागि Visit Website: www.ccdabc.doanepal.gov.np तथा कार्यालय समय भित्र यस केन्द्रको फोन नं. ०१-५४२११५१, ९८६८९४१४६७, ९८५१२०९२६६, ९८४१०८१०३० तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरुमा सम्पर्क गरी बुझ्न सकिनेछ ।